"किसान अधिकारप्रति समर्पित"

# राष्ट्रिय कृषक समूह महासंघ, नेपाल

## National Farmer Group Federation, Nepal



# वार्षिक सङ्गालो

(२०७८-७९)

(नवौं सामाजिक लेखाजोखाका अवसरमा प्रकाशित)












**कृषक र कृषि मैत्री निर्वाचन घोषणा पत्र र जवाफदेही राजनैतीक दलका लागि सुझाव पेश**

## हार्दिक आभार

जन्मँदै आफ्नो पेसागत हक/अधिकार सुनिश्चितताको परिकल्पना लिएर स्थापना भएको राष्ट्रिय कृषक समूह महासंघ नेपालले एघारौं वर्षगाँठ मनाइसकेको छ भने आठौं सामाजिक लेखाजोखा कार्यक्रम समेत सम्पन्न गरिसकेको छ ।

आफ्नो अधिकार खोजी गर्नेले आफूभित्रका सुशासन, जवाफदेहिता, पारदर्शिता र मितव्ययिता भुल्नुहुन्न । यस विषयमा महासंघ सचेत छ । यिनलाई सुनिश्चित गर्ने धेरै रणनीतिमध्ये सामाजिक लेखाजोखा एउटा औजार हो । त्यसैले महासंघले आफ्नो स्थापनाको छोटो अवधिमा आठवटा सामाजिक लेखाजोखा सम्पन्न गरिसकेको छ र यतिखेर नवौं लेखाजोखाको संघारमा छ । यसअधिका लेखाजोखाले काममा उत्प्रेरित गरेको र जवाफदेही बन्न सजग गराएकाले नै महासंघले यसलाई निरन्तरता दिएको हो ।

महासंघले सामाजिक लेखाजोखालाई कार्यक्रमको उपलब्धि र आर्थिक विवरण सार्वजनिक गर्ने प्रक्रिया मात्र बुझेको छैन । यो संस्थाको लक्ष्य, मूल्य/मान्यता र रणनीतिसमेत परीक्षण गराउने महवपूर्ण मौका हो । सामाजिक लेखाजोखा एउटा क्रियाकलापको घटना मात्र नभई वास्तवमा एउटा त्यस्तो प्रक्रिया हो जसले जवाफदेही र पारदर्शिता प्रवर्द्धन गर्छ । संस्थाभित्रको सामाजिक र नैतिक योग्यता पनि जाँच गर्छ ।

महासंघको यस्तो पवित्र सोचलाई सार्थक तुल्याउन आफ्ना विविध अप्ठ्यारालाई थाती राखी महासंघको निमन्त्रणा स्वीकार गरी कार्यक्रममा उपस्थित भई महत्वपूर्ण सुझाव दिनुका साथै महासंघलाई सजग बनाई यहाँसम्म पुग्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति कृतज्ञता व्यक्त गर्छु ।

महासंघको अभियानलाई बलियो बनाउदै सपना पुरा गर्न सहयोग पुऱ्याउनुहुने स्रोत साझेदार संस्था केएर नेपाल, भि.एस.ओ. नेपाल, लिबर्ड, एक्सनएड नेपाल, एफ.ए.ओ/आई.यू.सि.एन., सि.ई.एन. नमुना विकास अभ्यासमा साथ दिई अभ्यास सफल र अनुसरणीय बनाउन सहयोग गर्ने स्थानिय सरकार, महासंघको रणनीतिक योजना संशोधन र प्रस्तावना लेखन सिप प्रदानमा सहयोग गर्नुहुने सि.आर.एस. किसान किसान कार्यक्रम, महासंघका अभियानलाई अति महत्व राखि प्रचार-प्रसारमा सहयोग पुऱ्याउनुहुने सञ्चारकर्मिहरु, नागरिक संघ-संगठनहरु, तहगत संरचना, अभियन्ता र कर्मचारीहरु प्रति आभार प्रकट गर्दै विगत वर्षहरू झैं यस वर्ष पनि यहाँहरूको रचनात्मक सल्लाह/सुझावको अपेक्षा गरेको छु । साथै महासंघको आगामी यात्रा पनि त्यसैका आधारमा तय गर्ने विश्वास दिलाउन चाहन्छु ।

जय किसान

नवराज बस्नेत
अध्यक्ष

# विषय-सूची


१. पृष्ठभूमि........................................................................................१

२. आठौँ सामाजिक लेखाजोखाको सङ्क्षेपीकरण ...............................................२

   क. सामाजिक लेखाजोखा सञ्चालन तौरतरिका/विधि ....................................२

   ख. हाम्रो  प्रतिबद्धता र प्रयास ..........................................................................३

३. आ.व. २०७७/७८ प्रगति समीक्षा

   क. अभियानगत प्रगति विवरण ..........................................................................६

   ख. आर्थिक विवरण ..........................................................................................२०

४. आठौँ सामाजिक लेखाजोखाको खर्च विवरण ...............................................२५

५. महासंघको संस्थागत अवस्था विश्लेषण अध्ययन नतिजा ................................२६

६. संस्थागत अभियान र सवालगत पैरवी ......................................................२६

७. किसान सम्मेलन र जनकपुर घोषणापत्र ....................................................२८

# १. पृष्ठभूमि

नेपाल कृषिप्रधान देश हो । करिब दुईतिहाइ जनताको पेसा कृषि भएर पनि देश कृषिमै आत्मनिर्भर हुन सकेको छैन । उत्पादनका लागि अत्यावश्यक मल, बिउ, प्रविधि, उपकरणलगायतका पूर्वाधारमा देश आत्मनिर्भर हुनुको सट्टा दिन/प्रतिदिन परनिर्भर बन्दै गइरहेको छ । कृषिलाई सम्मानित पेसाका रूपमा स्थापित गराउन नसक्दा एकातिर युवा जनशक्ति विदेश पलायन भएको छ भने अर्कोतिर कृषि क्षेत्र महिला तथा वृद्धवृद्धाको जिम्मामा पुगेको छ। फलस्वरूप उत्पादनयोग्य जमिन बाँझो रहने र खरबौं रुपियाँको कृषिजन्य उत्पादन आयात गर्नुपर्ने अवस्थामा मुलुक पुगेको छ । यसको दोषी को ? अथाह सम्भावनाबीच पनि कृषि क्षेत्रको अवस्था झन् दयनीय बन्दै जानाले यसमा अहोरात्र खटिने कृषक जति चिन्तित छन् त्यति चिन्तित यहाँका जिम्मेवार निकाय हुन सकेका छैनन् । मुख्य चिन्ताको विषय यही हो ।

परम्परादेखि मुलुकको आर्थिक एवं सामाजिक उन्नति र समग्र विकासमा अत्यन्त महत्त्वपूर्ण एवं संवेदनशील स्थान ओगट्दै आएको कृषि क्षेत्रको संरक्षण, सम्बर्द्धनमार्फत राष्ट्र निर्माण गर्ने गहन जिम्मेवारी बोकेको कृषक राज्यको मूलधारमा आउन सकेको छैन । यसै सन्दर्भमा कृषक वर्ग र किसानको हक अधिकार प्राप्तिका लागि बहस/पैरवी गर्न कृषकलाई स्थानीयदेखि केन्द्रीय स्तरसम्म सङ्गठित गराउँदै सेवाप्रदायक निकायहरूमा उनीहरूको पहुँच वृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी उत्पादनमार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा पुऱ्याउन जरुरी थियो । यसै उद्देश्यका साथ राज्य र कृषकहरूको सेतुका रूपमा कृषिप्रधान देशको मर्मलाई सार्थक तुल्याउनका लागि राष्ट्रिय कृषक समूह महासंघ, नेपाल स्थापना भएको हो । जसले नेपाल सरकारमार्फत देशैभरि गठन भई क्रियाशील कृषक समूहहरूको क्षमता विकास गर्ने अठोट लिएको छ । साथै सरकारी/गैरसरकारी संघ/संस्थाहरूसँग समन्वयात्मकरूपले विकास अभियानमा सरिक हुने लक्ष्यसमेत यसको छ ।

कृषकहरूको छाता सङ्गठनको रिक्तता महसुस हुनु नै यो महासंघ जन्मको मुख्य आधार हो । जसले सम्बन्धित निकायमा दर्ता भई देशभरि छरिएका क्रियाशील कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूलाई आबद्ध गर्दै आएको छ । तत्कालीन गा.वि.स., सेवा केन्द्र (इलाका), जिल्ला, क्षेत्र हुँदै राष्ट्रिय स्तरसम्मको संरचना निर्माण गरेको राष्ट्रिय कृषक समूह महासंघ गठनको जग २०६८/५/२३ गते मध्यमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय हरिहरभवनमा भएको छलफल थियो । जतिबेला कृषक समूहहरूका अगुवा प्रतिनिधिहरूको भेला भएको थियो र उनीहरूले नै यस्तो महासंघको औचित्य औल्याएका थिए । यिनै अगुवाहरूको निरन्तर प्रयासपछि महासंघ देशैभरि कार्यक्षेत्र रहने गरी २०६८ चैत १४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको हो ।

महासंघ त्यसयता कृषि विकास र किसान अधिकारका लागि सम्बन्धित निकायमा पैरवी गर्दै अगाडि बढिरहेको छ । पारदर्शिता, सहभागितामूलक अनुगमन र संस्थागत उत्तरदायित्वलाई

आत्मसात गर्दै महासंघले आफ्ना कार्यहरूको मूल्याङ्कन गराउने कार्य पनि थालनी गरेको छ । महासंघले वर्षभरिमा गरेका क्रियाकलापलाई आन्तरिक एवं बाह्य सरोकारवालाबीच सार्वजनिकीकरण गरी प्राप्त सुझावका आधारमा प्रभावकारिता अभिवृद्धि गर्दै अगाडि बढ्नका लागि सामाजिक लेखाजोखा गर्दै आएको छ ।

सामाजिक लेखाजोखामार्फत महासंघको नीति/नियमअन्तर्गत सञ्चालित गतिविधि एवं त्यसको परिणाम र त्यसले लक्षित वर्गको जीवनमा पारेको प्रभावलाई आत्मसात गर्ने, वर्षभरि गरिएका अभियान र त्यसका स्रोतका साथै हासिल उपलब्धि एवं सिकाइबारे सहभागीबीच अनुभव आदान-प्रदान गर्ने गरिएको छ । लेखाजोखामा आएका सुझाव एवं सल्लाहलाई महासंघले मार्गनिर्देशनको रूपमा लिइ कार्ययोजना बनाएर अघि बढ्ने अभ्याससमेत गर्दै आएको छ ।

## २. आठौं सामाजिक लेखाजोखाको सङ्क्षेपीकरण

२०७८ पुस २ गतेका दिन विभिन्न सरकारी निकाय, गैरसरकारी संघ/संस्थाका प्रतिनिधि, कृषि विज्ञ, महासंघका तहगत संरचनाका प्रतिनिधि, अगुवा कृषक, किसान अभियन्ता, पत्रकारलगायत १०० जनाको उपस्थितिमा सातौं सामाजिक लेखाजोखा कार्यक्रम भएको थियो । यो कार्यक्रम दिनको १:३० बाट काठमाडौंमा आयोजना भएको थियो ।
महासंघका महासचिव रीता बस्ताकोटीले कार्यक्रम सञ्चालन गर्दै पारदर्शिता, जवाफदेहिता र संस्थाका गतिविधि मूल्याङ्कन गराउने अभिप्रायले लेखाजोखा कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । महासंघका उपाध्यक्ष पञ्चकाजी श्रेष्ठद्वारा अतिथिलाई स्वागत गरिएको उक्त कार्यक्रम राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष  नहेन्द्र खड्काको प्रमुख आतिथ्यता र महासंघका अध्यक्ष नवराज बस्नेतको अध्यक्षतामा सम्पन्न भएको थियो ।

### क. सामाजिक लेखाजोखा सञ्चालन तौरतरिका/विधि

- वार्षिक गतिविधि
- आर्थिक कारोबार र दस्ताबेजीकरणको अवस्था समीक्षा
- श्रव्यदृश्य सामग्री प्रस्तुति
- विभिन्न जिल्लाका किसानद्वारा आफ्ना भोगाइ प्रस्तुत
- लेखा परीक्षकको समीक्षा
- सुझाव सङ्कलन
- जिज्ञासाउपर प्रतिबद्धता
- समापन

## ख मुख्य सुझाव, प्रतिबद्धता र प्रयास

मिति २०७८ पौष २ गतेका दिन सम्पन्न आठौं सामाजिक लेखाजोखा कार्यक्रममा उपस्थित महानुभावहरुले दिनुभएको महत्वपूर्ण सुझावहरुलाई महासंघले सिरोधार्य गर्दै सोहि दिन गरेको प्रतिवद्धतालाई कार्यान्वयन गर्न गरेको प्रयास

| सहभागीका जिज्ञासा एवं सुझाव | महासंघको प्रतिबद्धता | महासंघले गरेको प्रयास |
|---|---|---|
| कार्यक्रमहरूलाई छोटो र छरितो बनाउन सक्दा राम्रो | कार्यक्रम सञ्चालनमा ढिलाइ भएका कारण तोकिएको समयमा समापन गर्न सकिएन । यसप्रति क्षमा चाहन्छौं । प्रकृति हेरी महासंघका कार्यक्रमलाई व्यवस्थित र छोटो बनाउने प्रयास गर्नेछौं । | महासंघले आफ्ना कार्यक्रमलाई व्यवस्थित र समयसीमाभित्र सक्ने गरी व्यवस्थापन गर्ने प्रयास गरेको छ । |
| महासंघले करार खेती विस्तारमा जोड दिनुपर्छ । | महासंघले करार खेती विस्तारमा जोड दिइ बाँझो जमिन उपयोगमा केन्द्रित अभ्यासलाई आत्मसात गर्नेछ । | महासंघले जग्गा भाडामा लिई खेति गर्ने कार्यलाई बढवा दिदै बाँझो जमिनको उपयोग गरि पोषण घर बगैंचा कार्यक्रम सञ्चालन |
| प्रत्येक स्थानीय तहमा समेत महासंघको प्रतिनिधित्वका लागि जोड दिनुपर्ने । | केही पालिकामा संस्थागत प्रतिनिधित्वको सुरुवात भएको छ । साना र सीमान्त किसानको पक्षमा महासंघ थप सशक्त हुँदै संस्थागत प्रतिनिधित्वका लागि पहल गरिनेछ । | स्थानीय तहको कृषि ऐन निर्माण साथै महासंघको संस्थागत प्रतिनिधित्वका लागि स्थानीय सरकारसँग सहकार्य र पैरवी गरिएको छ । |
| किसान परिचयपत्र वितरण गरी बेलका नगरपालिकासँग गरेको सहकार्य किसान उत्थानमा उदाहरणीय छ । अरू पालिकासँग पनि यसरी नै सहकार्य गर्दा लाखौं | स्थानीय पालिका र तहगत सरकारसँगको सहकार्यलाई महासंघले विस्तार गर्नेछ । | बेलका नगपालिकाबाट सुरु गरिएको कृषि नमुना विस्तार ओखलढुङ्गाको सिद्धिचरण, सिरहाको सखुवानन्कारकट्टी, झापाको कन्काई, कैलालीको गोदावरी, |

| | | |
|---|---|---|
| किसानको स्तर उकास्न सकिन्छ । | | कञ्चनपुरको कृष्णनगर, नवलपरासीको सरावल र कपिलवस्तुको विजयनगरमा समेत विस्तार भएको छ । |
| कृषिको व्यवसायीकरण तथा किसानहरूको जीवनस्तरमा समेत सहयोगी भूमिका रहनुपर्छ । महासंघको क्षेत्र ७७ जिल्लामा विस्तार गरी सामूहिक आवाजलाई अझ प्रभावकारीरूपमा उठान गर्नुपर्छ । | किसानहरूको जीवनस्तरमा सकारात्मक परिवर्तनका लागि महासंघ अगाडि बढ्नेछ । सङ्गठन विस्तारमा ध्यान दिइनेछ । | साना र सीमान्त किसानको जीवनमा सकारात्मक परिवर्तन लक्षित गरी कार्यक्रमहरू सञ्चालनमा छन् । ६३ जिल्लामा सङ्गठन विस्तार भएको छ । |
| राष्ट्रिय किसान आयोग, संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वयमा भूमिका खेल्नुपर्छ । | तहगत सरकार आयोग र सरकारी गैरसरकारी निकायहरूँगको समन्वय र सहकार्यलाई प्राथमिकता दिइन्छ । | राष्ट्रिय किसान आयोग, संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वयमा भूमिका खेलिएको छ । यसैगरी राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय भूमि आयोग, नीति अनुसन्धान प्रतिष्ठान आदिसँग पनि समन्वयको प्रयास भइरहेको छ । |
| किसानलाई समयमै मल, बिउ उपलब्ध गराउन साथै उखु किसानको माग सम्बोधन गराउन महासंघले पहल गर्नुपर्छ । | महासंघले यस सवाललाई गम्भीरताका साथ लिएको छ र पहल पनि लिइरहेको छ । | समयमा नै मल, बिउ उपलब्ध गराउन साथै उखु किसानको माग सम्बोधन गराउन महासंघले सरकारसँग पैरवी गरेको छ । |

| | | |
|---|---|---|
| अर्गानिक खेतीतर्फ पहल गरिनुपर्छ । | महासंघ दिगो खेती प्रबर्द्धनका पक्षमा छ । त्यसैले पर्यावरणीय कृषि, अर्गानिक कृषि र जैविक खेतीमा केन्द्रित छलफल, बहस र रैथाने बिउ बाली प्रबर्द्धनमा अगाडि बढी नै रहने छौँ । | दिगो पर्यावरणीय कृषि, अर्गानिक कृषि र जैविक खेतीमा केन्द्रित छलफल र बहस सञ्चालन गर्दै रैथाने बिउ बाली प्रबर्द्धनमा जोड दिइ दोस्रो कोदो दिवस मनाउने कार्य गरेको छ । अर्गानिक कृषि प्रबर्द्धनका लागि नीतिगत साथै समूह तहमा पर्यावरणीय कृषि प्रबर्द्धनात्मक अभ्यासहरू सुरु गरिएको छ । |
| उत्पादनमा मात्र सीमित नभई उत्पादन बढाउने र उपभोक्ता समक्ष पुग्न सहज र सरल तरिकाले उपभोग्य वस्तुको पहुँच पुऱ्याउन सके राष्ट्रिय कृषक समूह महासंघको महत्त्व अझ बढ्ने थियो । | महासंघले उत्पादनमुखी अवधारणा र बजारीकरणलाई समेत आफ्नो कार्यदिशा बनाएको छ । | उत्पादनमुखी अवधारणा र बजारीकरणमा समेत महासंघले आफ्नो ध्यान केन्द्रित गरेको छ । सोहीअनुसार सहभागितामूलक, सुनिश्चितता प्रणाली अभ्यासलाई प्रबर्द्धन गरिएको छ । |
| पत्रकार लक्षित छोटो प्रेस नोटको व्यवस्था गर्न सकिँदा राम्रो हुन्छ । | आगामी वर्षदेखि यस्तो काम सुरु गरिनेछ । | यसलाई सुरु गरिएको छ । |

## ३. आ.व.२०७८/०७९ को प्रगति समीक्षा

### क. अभियानगत प्रगति

महासंघले आफ्ना गतिविधिलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्न पञ्चवर्षीय रणनीतिक योजना बनाएको छ । उक्त रणनीतिक उद्देश्य र क्रियाकलापलाई समयसापेक्ष संशोधन र परिवर्तन गर्दै आएको छ । महासंघको रणनीतिक लक्ष्यअनुसारका क्रियाकलाप :

**रणनीतिक लक्ष्यहरू**

**रणनीतिक लक्ष्य १ :** सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी र बजारमा पहुँच सुनिश्चित गर्ने ।

**रणनीतिक उद्देश्य १.१ : सदस्य समूहको हक अधिकार सुनिश्चतताका लागि ऐन/कानुन, नीति/नियमावली, योजना तथा कार्यक्रमहरू निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने ।**

**आ.व. २०७८/०७९ मा महासंघले गरेको सवालगत पैरवी र उपलब्धि**

| सवाल | महासंघको पैरवी | उपलब्धि |
|---|---|---|
| खाद्य सुरक्षा तथा संप्रभुता | खाद्य सुरक्षा तथा संप्रभुता नियमावली मस्यौदा निर्माण, छलफल र मन्त्रालयमा पेस । मन्त्रालयको निमन्त्रणामा छलफलमा सहभागी तथा नियमित पैरवी । | खाद्य सुरक्षा तथा संप्रभुता ऐन कार्यान्वयन गर्न मन्त्रालयमा नियमावली मस्यौदा चरणमा । |
| विषयगत दिवासहरू | धान दिवस, खाद्य दिवस, अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, कोदो दिवस आदिमार्फत विषयगत सवाल उठान र पैरवी । | सरकार तथा अन्य सरोकारवालाको सहकार्यमा विभिन्न दिवस मनाइँदै आएको र सरोकारवाला क्षेत्रहरूमा महासंघको प्रतिनिधित्व भई पहिचान स्थापित भएको । |
| खाद्य सुरक्षा तथा संप्रभुता ऐनको स्थानीयकरण | खाद्य सुरक्षा तथा संप्रभुता ऐन २०७५ स्थानीयकरण साथै कृषिको रूपान्तरण एवं कृषि विकासमा स्थानीय सरकारको अग्रसरता स्थापित गराउन साथै साना, सीमान्त किसानको माग सम्बोधनका लागि ४५ वटा स्थानीय सरकारलाई सहजीकरण । स्थानीय कृषि ऐनमा एकरूपताका लागि | एकीकृत कृषि तथा पशुपक्षी विकास ऐनको मस्यौदा तयार गरी ७५३ वटै पालिकामा पेस । |

| | | |
|---|---|---|
| | गाउँपालिका राष्ट्रिय महासंघसँगको सहकार्यमा सातै प्रदेशमा स्थानीय जनप्रतिनिधिहरूसँग सम्वाद । | |
| वर्गिकरण सहित किसान परिचयपत्र | वर्गिकरण सहित किसान परिचयपत्र वितरण प्रक्रिया, कार्यविधिको स्वरूप, छलफल र सम्वाद । | विभिन्न १९ वटा स्थानीय तहमा किसान परिचयपत्र कार्यविधि तयार भई परिचयपत्र वितरण चरणमा । |
| स्वच्छ उत्पादन | 'विषादीरहित खाना : हाम्रो अधिकार' अभियान । | 'स्वच्छ खाना : हाम्रो अभियान' ले सबैका सामु स्थान पाएको छ । महासंघले कृषक समूहमा पर्यावरणीय कृषि प्रबर्द्धनको काम गरिरहेको । |
| खाद्य प्रणाली रूपान्तरण | • दिगो खाद्य प्रणालीमा उत्पादक समूह एवं साना किसानको योगदान विषयमा नेपालमा कृषि, भूमि, वन, सिँचाइ, खाद्य र कृषि सञ्चारमा कार्यरत नागरिक सङ्गठनहरूले 'सीमान्तकृत समुदायको अधिकार : दिगो खाद्य प्रणालीको मूल आधार' भन्ने नाराका साथ स्थानीय तह, सातवटै प्रदेश एवं संघीय तहमा राष्ट्रिय स्वतन्त्र सम्वादहरू सञ्चालन गरी विषयको स्थानीयकरण गर्दै दिगो खाद्य प्रणाली र नेपालमा खाद्य प्रणाली रूपान्तरणका मुद्दाहरूको पहिचान साथै साना किसानहरूका आवाजहरू समेटिएको कृषि समावेशी नीति तथा अभ्यासहरूका लागि राष्ट्रिय योजना आयोगमार्फत संयुक्त राष्ट्र संघमा पेस ।<br>• दिगो खाद्य प्रणालीको बहसलाई स्थानीयकरण गर्न विभिन्न ५० भन्दा बढी लेख, रचना, धारणा एवं नागरिक समाजका गतिविधि सङ्कलन गरी प्रकाशन । | उत्पादक समूह एवं साना किसान लक्षित नीति कार्यक्रम बनाइ कार्यान्वयन गर्ने प्रतिबद्धता । योजना आयोगद्वारा खाद्य प्रणालीको स्थानीयकरणको कार्यान्वयन योजना निर्माणको चरणमा । |
| अडानपत्र पेस | केरा उत्पादक किसानहरूको माग सम्बोधन गराउन जिल्ला तहमा केरा उत्पादनमा | माग सम्वोधन गर्ने प्रतिबद्धता । |

| | | |
|---|---|---|
| | संलग्न किसानहरूसमेतको सहभागितामा राष्ट्रिय बहस | |
| साना किसान सम्मेलन | 'ऊर्वर भूमि र समथर पाटो : जोगाउनुपर्छ तराईको माटो' भन्ने मूल नाराका साथ २०७८ पुस ८ मा कृषि तथा पशुपक्षी विकास मन्त्री महेन्द्र राय यादवको प्रमुख आतिथ्यतामा ५०० जनाको सहभागितामा साना किसान राष्ट्रिय सम्मेलन मधेस प्रदेशको जनकपुरधाममा सम्पन्न । सम्मेलनले १९ बुँदे जनकपुर घोषणापत्र जारी । | साना किसानको माग सम्बोधनका लागि प्रदेश र संघीय सरकारद्वारा प्रतिबद्धता । |
| कृषि तथा किसान अधिकार अभियानको ११औँ वर्ष | महासंघको ११औँ स्थापना दिवस सप्ताहव्यापीरूपमा मनाउँदै तहगत संरचनाहरूको संलग्नतामा विभिन्न विषयगत छलफल गरी विज्ञ, तथा अग्रजहरूबाट प्राप्त सुझाव एवं परिस्थिति विश्लेषणका आधारमा कार्यान्वयनको पक्ष समेटी संस्थागत कार्ययोजना तय । | घोषणापत्रका आधारमा महासंघका गतिविधिहरूको प्रगति समीक्षा र कार्यान्वयन । |
| क्षतिपूर्ति माग | बेमौसमी वर्षाका कारण धानलगायतका विभिन्न बालीमा पुगेको क्षति र क्षतिपूर्तिका लागि सातै प्रदेश एवं संघीय सरकारको ध्यानाकर्षण, क्षति रकम उपलब्ध गराउन पहलकदमी । | मन्त्रालयले पीडित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन कार्यविधि बनाइ स्थानीय तहबाट वितरण प्रक्रिया अगाडि बढाएको । |
| क्षतिपूर्तिको माग | काठमाडौँ उपत्यकाका ३ वटै जिल्लामा चिनियाँ कम्पनीले उत्पादन गरी काष्ठमण्डप ट्रेड प्वाइन्ट, काठमाडौँबाट किसानहरूमा बिक्री वितरण भएको डि.वाइ. २८ धानमा बाला नलागी उत्पादक किसानहरू मर्कामा परेकाले किसानको पीडालाई उजागर गर्दै चरणबद्ध अभियान तथा आन्दोलन । | सम्बन्धित कम्पनीलाई कारबाही र किसानलाई क्षतिपूर्तिका लागि सरकारबाट प्रतिबद्धता व्यक्त भएको । |
| स्थानीय तहसम्म | महासंघको राष्ट्रिय, प्रदेश एवं जिल्ला तहको संरचनाबाट सेवामा किसानको पहुँचको अवस्था पहिचान मिसनअन्तर्गत मधेस | किसानको मागमा आधारित सेवा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त । |

| | | |
|---|---|---|
| कृषि सेवा केन्द्र विस्तार | प्रदेशका सबै कृषि ज्ञान केन्द्र तथा पशु विज्ञ केन्द्रहरूमा भ्रमण गरी सरकारी सेवामा साना किसानको पहुँच अवस्थाबारे अध्ययन गरी साना किसान लक्षित सेवाका लागि सम्वाद र ध्यानाकर्षण । | |
| बाँदर र कृषि बाली | वन्यजन्तुले किसानको बालीमा पुऱ्याउने क्षतिको क्षतिपूर्ति अभियानअन्तर्गत सर्वोच्चबाट महासंघको पक्षमा भएको फैसला कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज विभाग बबरमहलमार्फत वन्य जन्तुबाट भएको क्षेति बापतको राहत उपलब्ध गराउने सम्बन्धि निर्देशिका २०६९ (तेस्रो संसोधन २०७५) संशोधन गराइ मन्त्रालयसमक्ष पेस गर्नका लागि पहलकदमी । | क्षतिपूर्ति दिइने वन्यजन्तुको सूचीमा बाँदरलाई समावेश गरी निर्देशिका संशोधन भई पेश भएको ।<br>कृषि तथा पशुपन्छि विकास मन्त्रालयले मिति २०७९ माघ २४ गते विवरण उपलब्ध गराईदिन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई पत्र लेखेको । |
| कृषक समूह र स्थानीय लेखा नम्बर | • कृषक समूह दर्ता, नवीकरण, सूचीकरण र स्थायी लेखा नम्बरबारे स्थानीय सरकारसँग छलफल र पैरवी ।<br>• कृषक समूहहरूलाई प्यान लिन गरिएको व्यवस्था खारेजीको माग गर्दै कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयमा ज्ञापन पत्र पेस । | सम्बन्धित निकायको ध्यानाकर्षण । |
| किसानको उत्पादनको समर्थन मूल्य निर्धारणका लागि सरकारसँग पहल र पैरवी | किसानद्वारा उत्पादित वस्तुहरू अन्न, फलफूल तथा अन्य नगदे बालीहरूको समेत समर्थन मूल्य समयमा नै तोकिनुपर्ने र तोकिएको मूल्यमा किसानको उत्पादन बिक्रीको वातावरण बनाइनुपर्ने विषयमा देशव्यापी अभियान तथा सरकार/सरोकारवालासमक्ष पहल र पैरवीमा निरन्तरता । | सरकारले धान, गहुँ र उखुमा समर्थन मूल्य तोकेको । |
| राजनीतिक पार्टीको घोषणापत्रमा किसानका कुरा | • स्थानीय निर्वाचन २०७९ मा राजनीतिक पार्टीको घोषणापत्रमा समावेश गरिनुपर्ने कृषि र किसानका विषयहरू संलग्न गरी मुख्य राजनीतिक दलका घोषणापत्र | राजनीतिक पार्टीको घोषणापत्रमा किसानका सवाल उल्लेख ।<br>निर्वाचनमा किसान प्रति प्रतिवद्ध । |

| | | |
|---|---|---|
| | लेखन समितिका संयोजकहरूलाई सुझाव पेस । | |
| प्रदेश सरकारसँग सहकार्य | • वाग्मती प्रदेश सरकारसँगको सहकार्यमा प्रदेशस्तरीय फौजी कीरा व्यवस्थापन जनचेतना अभियान सञ्चालन ।<br>• सातैवटा प्रदेश सरकार तथा संघीय मन्त्रालयको निमन्त्रणामा बजेट, नीति तथा कार्यक्रम साथै नीतिगत संवाद एवं अन्तरक्रियामा सक्रिय सहभागी भई धारणा एवं सुझाव पेस । | समन्वय र सहकार्य भई संस्थागत पहिचान विकास भएको । |
| तहगत सरकारका नीति तथा कार्यक्रम | • आ.व. २०७९/८० को सरकारी नीति तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने सवालमा महासंघको अडानपत्र, कृषि विकास मन्त्रालय र अर्थ मन्त्रालयमा पेस<br>• आ.व. २०७९/८० को सरकारी नीति तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने सवालमा महासंघको अडानपत्र तयार गरी सातवटै प्रदेशका सम्बन्धित मन्त्रालयमा पेस ।<br>• संघीय सरकारको नीति तथा कार्यक्रम र बजेटको समीक्षापत्र तयार गरी छुटेका विषयहरू समावेश गरी कृषि विकास मन्त्रीसँग पुनः सम्वाद ।<br>• महासंघले नीीति तथा कार्यक्रमका लागि पेस गरेको अडानपत्रको सामग्री बनाइ टेलिभिजनबाट नियमित प्रशारण । | सरकारी नीति तथा कार्यक्रम मार्फत किसानमैत्री कार्यक्रम एवं कृषि नमुना विस्तारको माग सम्बोधन । |
| यात्रा गोष्ठी र नीतिगत पैरवी एकैसाथ | महासंघद्वारा सञ्चालित कृषि नमुना विकास अभ्यासहरू वर्गीकरणसहितको किसान परिचयपत्र, जग्गा भाडामा लिइ गरिने खेती, पोषण व्यवहार परिवर्तन नमुना, तहगत सरकारसँग महासंघको सहकार्य, नीतिमा समावेश र कार्यान्वयन अवस्थाबारे राष्ट्रिय किसान आयोगका सदस्य एवं प्रवक्ता जीवन्ती पौडेल, प्रदेश १ का भूमि व्यवस्था कृषि तथा सहकारी | नमुना विस्तार एवं नीतिगत सम्बोधनका लागि प्रतिबद्धता । |

| | | |
|---|---|---|
| | मन्त्रालयका सचिव, सम्बन्धित पालिका प्रमुखहरू, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका माटो विज्ञ नेत्र भट्ट, केएर नेपालका देशीय सहायक निर्देशक, महासंघका तहगत संरचनाका प्रतिनिधि कृषक समूह एवं किसानसहितको अनुगमन । | |
| बाढी र किसानका समस्या | • मेलम्ची बाढी र किसानको अवस्था बुझ्नका लागि राष्ट्रिय किसान सञ्जालका प्रतिनिधिहरूको टोलीसहित स्थलगत भ्रमण । | महासंघको अगुवाइमा किसान प्रतिनिधिहरूको किसानसँग भेटघाट र किसानको अवस्था पहिचान । |
| एकीकृत कृषि ऐन निर्माण | स्थानीय तहमा कृषि ऐन निर्माणमा महासंघले खेलेको भूमिका, प्रदेश तहमा गरेको सहयोग र विषय उठानको दौरान खेलेको ऐतिहासिक भूमिकाको सङ्गालोसहित कृषि विकास मन्त्री र सचिवलाई बुझाइ ऐन निर्माण समितिमा महासंघको संस्थागत प्रतिनिधित्वका लागि दावीपत्र पेस । | विभिन्न ३९ भन्दा बढी स्थानीय तहमा कृषि ऐन निर्माण ।<br>संघीय तहमा ऐन निर्माणको चरणमा । |
| सहुलियत कृषि कर्जा | • वित्तीय तथा मौद्रिक नीतिमा कृषि क्षेत्र, महिला उद्यमी तथा विपन्न वर्गका लागि कर्जासम्बन्धी विभिन्न व्यवस्था भइरहँदा पनि कार्यान्वयन पक्षमा रहेको कमजोरीलाई उठान गरी राष्ट्र बैङ्कलगायत विभिन्न १० भन्दा बढी वाणिज्य बैङ्कहरूको सहभागितामा साना किसान, महिला उद्यमी तथा अनौपचारिक क्षेत्रका महिला उद्यमीहरूका लागि वित्तीय पहुँचसम्बन्धी नीतिगत संवाद । | साना किसानको व्यावहारिक पहुँचका लागि प्रतिबद्धता । |
| दुग्ध र मासु मिसन कार्यक्रम | मधेस प्रदेशका दुग्ध र मासु मिसन कार्यक्रम सञ्चालन भएका किसानहरुले समयमा कार्य सम्पादन गरी बिल भरपाई पेश गर्दा पनि भूक्तानी नपाएकोले पिडित किसान | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट किसानको समस्या समाधानको लागि नीति तथा |

| | | |
|---|---|---|
| किसानको पीडा | संघर्ष समितिबाट महासंलाई प्राप्त निवेदनको आधारमा पिडित किसान र प्रदेशका कृषि मन्त्री, सचिव, कृषि समितिका सभापति लगाएत सरोकारवालाहरु बीच सम्वाद । | कार्यक्रम मार्फत बजेट व्यवस्थाका लागि अर्थमन्त्रालयमा पठाएको, स्विकृत भई आए पश्चात किसानहरुलाई भूक्तानी दिने प्रतिवद्धता । |
| विज्ञप्ति, ध्यानाकर्षण, अडान, धारणा | • स्वच्छ पर्यावरण, मानव, पशुपक्षी एवं समग्र वातावरणलाई नकारात्मक प्रभाव पार्ने अनुवंश परिवर्तित जङ्कफुडलाई नेपालमा प्रतिबन्ध गरिनुपर्छ भन्ने सवालमा महासंघलगायतका नागरिक सङ्गठनहरूले ९ वर्षअगाडिदेखि विरोध गर्दै आएको तथ्य एवं ८ वर्षअगाडि नै सर्वोच्च अदालतने नेपाल भित्र्याउन रोक लगाएको अवस्थामा सर्वोच्चको आदेश छलेर प्लान क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रलाई आयात गर्ने अनुमति दिने निर्णय गरेकामा विज्ञप्ति तथा ध्यानाकर्षण | सर्वोच्च अदालतमा रीट निवेदन पेश गरी बहस गरिएकोमा मुद्धाहाल मुल्तबिमा । |
| | • २३ पुस २०७८ मा संसद्को प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बैठकमा समयमा नै मलखाद, माटोसँग खेल्ने किसान अनुदान सम्बन्धमा रहेका विद्यमान बेथितिहरू अन्त्यका लागि एकीकृत कृषि ऐन निर्माण साथै कृषि सुशासनमा राखिएको चासोलाई व्यवहारमा रूपान्तरण गर्नका लागि खबरदारी | सरकारले कृषि व्यवसाय प्रवर्द्धन ऐनको ड्राफ्ट तयार गरि राष्ट्रिय किसान आयोग मार्फत छलफलगराएकोमा महासंघले आपत्ति जनाई एकिकृत कृषि तथा पशुपन्छि विकास ऐन ल्याउन आग्रह । |
| | • धान तथा उखुको समर्थन मूल्य तोक्ने र त्यसको कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय र सरोकारवालासमक्ष अनुरोध | समर्थन मूल्य कार्यान्वयन गराउन प्रतिबद्ध भएको प्रतिक्रिया । |

**रणनीतिक उद्देश्य १.२ :** सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यावसायिक र वातावरणमैत्री कृषि पद्धति अवलम्बन गर्ने ।










**गोदावरी न.पा. कैलाली र कृष्णपूर न.पा. कन्चनपूरमा वर्गिकरण सहित किसान परिचयपत्र वितरण सुभारम्भ कार्यक्रम**





राष्ट्रिय किसान सम्मेलन २०७८ मधेश प्रदेश, जनकपुर (उद्घाटन सत्र)




पालिका स्तरीय कृषि तथा पशुपन्छि विकास ऐन छलफल गर्दै (कर्णाली प्रदेश सुर्खेत)




विश्व खाद्य दिवसमा महासंघको सहभागिता



साना किसान द्धारा अभ्यास गरिएको पोषण घर बगैंचा (खजुरा, बाँके)




महासंघले तयार गरेको पोषण कर्नर अवलोकन गर्दै कृष्णपूर नगरपालिका कञ्चनपूरका प्रमुख



उद्यमशिलतामा सक्रिय सिराहा जिल्लाकि महिला किसान (अमिरकलादेवी)



मेलम्चि बाढिपिडित क्षेत्रमा किसान सञ्जालका प्रतिनिधिहरु



समुहमा आफ्नो गाँउको स्रोत नक्सा बनाउदैं किसानहरु (कपिलवस्तु)



सिकाई आदान प्रदान एवम् अनुगमनमा सहभागी केएर नेपालका सहायक देशिय निर्देशक लगाएतका समुह (सखुवानन्कारकट्टी सिराह)

- स्थानीय सरकार र महासंघबीचको सहकार्यमा जलवायुमैत्री कृषि नमुना विकासका कामहरूलाई महासंघले अगाडि बढाएको छ ।

- महासंघले स्थापनाकालदेखि नै पैरवी गर्दै आएको यस सवालले नीतिगत र अभ्यासमा सार्थकता पाएको छ । खाद्य अधिकार खाद्य संप्रभुता ऐन २०७५ को स्थानीयकरणका साथै संविधानले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकारले वर्गीकरणसहितको किसान परिचयपत्र र त्यसको आधारमा सेवा/सुविधाको अभ्यास थालनी गरेका छन् ।
- किसान वर्गीकरणको आधारमा सेवा/सुविधामा न्यायोचित पहुँच स्थापना र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले सुरु गरिएको यस अभ्यासले लक्षित समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सार्वजनिक सेवा/सुविधा, प्रविधि, स्रोत आदिमा किसानहरूको पहुँच स्थापनाका लागि सहजीकरण गरेको छ ।

- वर्गीकरणसहितको किसान परिचयपत्र र त्यसमा आधारित सेवा/सुविधाका लागि जिम्मेवार सरकार निर्माण गर्न प्रदेश १ को बेलका नगरपालिका, कटारी नगरपालिका, कन्काई नगरपालिका, सिद्धिचरण नगरपालिका र सुनकोसी गाउँपालिका, मधेस प्रदेशको भगवानपुर, सखुवानन्कारकट्टी, अग्निसाइर कृष्णसावर, लक्ष्मीपुर पतारी गाउँपालिकाका साथै धनगढीमाई नगरपालिका, गण्डकी प्रदेशको सिरानचोक गाउँपालिका, लुम्बिनी प्रदेशको सरावल र विजयनगर गाउँपालिका, कर्णाली प्रदेशको लेकवेशी नगरपालिका, सुदूरपश्चिम प्रदेशको गोदावरी र कृष्णपुर नगरपालिकामा स्थानीय सरकारलाई वर्गीकरणसहितको किसान परिचयपत्र अभ्यासमा सहजीकरण गरिएको छ ।
- वर्गीकरणसहितको किसान परिचयपत्रबारे नीतिगत व्यवस्थाका लागि प्रदेश तथा संघीय सरकारसँग निरन्तर पैरवी गर्दै आएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव, सहसचिवहरू, उपसचिवलगायत मन्त्रालयका कर्मचारीहरूबीच यस अभ्यासबारे सिकाइ आदान-प्रदान गरिएको छ ।

- सिरहा जिल्लाको भगवानपुर गाउँपालिका र विभिन्न सरोकारवालासँगको सहकार्यमा महासंघले २०७० देखि नमुनाका रूपमा सुरु गरेको जग्गा भाडामा लिइ गरिने खेतीको नमुना अभ्यास सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका, विष्णुपुर गाउँपालिका, गोलबजार नगरपालिका, उदयपुरको बेलका र कटारी नगरपालिकाका विभिन्न १९ स्थानमा विस्तार भएको छ । स्थानीय सरकारले यस अभ्यासलाई नीति कार्यक्रम बजेटमार्फत विगत ३ वर्षदेखि निरन्तरता दिएका छन् । स्थानीय सरकारसँगको साझेदारितामा गरिएको यस अभ्यासबाट सीमान्त समुदायका ४६० मुसहर एवं दलित परिवारका १३०० जना लाभान्वित भएका छन् । सीमान्त गरिब, भूमिहीन र साना किसानको जीविकोपार्जनको कोसे ढुङ्गाका रूपमा यस अभ्यास स्थापित भएको छ । करार खेतीमा संलग्न किसानहरूलाई मौसमीलगायत अन्य सूचनाको अभ्यासस्वारूप कृषि सल्लाह सेवा जोडिएको छ । स्थानीय, प्रदेश र संघीय सरकारका नीति तथा कार्यक्रममार्फत प्राथमिकताका साथ विस्तारका लागि नीतिगत र संस्थागत अभ्यासको थालनी भएको छ ।

- संघीय सरकारले ८० प्रतिशत अनुदान दिँदै आएको कृषि बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय सरकारसमेतको स्रोत सहभागितामा स्थानीय तहमा कृषि बिमा प्रबर्द्धन विस्तारको आधार तय गर्ने र जलवायु सङ्कटासन्न भूमिहीन, सीमान्त, दलित, महिला तथा साना किसानको बाली तथा पशुधनको जोखिम हस्तान्तरण गर्ने उद्देश्यले ओखलढुङ्गाको सुनकोसी गाउँपालिकासँगको सहकार्यमा महासंघले बाली तथा पशु बिमाको स्थानीयकरणको नमुना अभ्यास गरेको छ । बिमा कार्यक्रमको महत्त्वबारे किसान तहमा सचेतना फैलिएको छ । स्थानीय सरकारको अगुवाइमा बिमा कम्पनी र महासंघसमेतको साझेदारीमा बिमा कार्यक्रमको स्थानीयकरण गरिएको छ ।

- उदयपुरको बेलका नगरपालिका, मकवानपुरको भीमफेदी गाउँपालिका, कपिलवस्तुको विजयनगर गाउँपालिकामा स्थानीय सरकार र कृषक समूहसँगको सहकार्यमा सहभागितामूलक सुनिश्चितता प्रणालीको अभ्यासमार्फत पहिचानसहितको स्वच्छ उत्पादन प्रबर्द्धनलाई अगाडि बढाइएको छ ।

- सिरहा, उदयपुर, बाँके, वर्दिया, कैलाली कञ्चनपुर, धनुषा र सुर्खेतका १४७५ भन्दा बढी घरलाई उद्यम सिकाइ केन्द्रमा आबद्ध गरी लघु उद्यम सिप र क्षमता विकासमा सहजीकरण गरिएको छ । उनीहरूको व्यावसायिक योजना निर्माणमा सहयोग पुऱ्याइ, उद्यमशीलता सिप एवं क्षमता विकास एवं वित्तीय संस्थामा पहुँचका लागि सहजीकरण गरिएको छ ।

- ७१ वटा समूहका ७२३ घरका किसानहरू दिगो कृषिका अभ्यासमा सरिक भएका छन् । ७५ वटा समूहका ७५० घरका किसान परिवारमा पोषण कार्यक्रममार्फत स्वच्छन्दता एवं जीविकोपार्जनका गतिविधिहरू सञ्चालन गरिएको छ । करिव ४२०० किसान आफ्नो उत्पादनको बजारीकरणका लागि कृषि पथमा जोडिएका छन् ।

- २५२ विपन्न घरका सदस्यहरूले अल्पकालीन रोजगारीमा संलग्न भई गरेका योगदानले ४ वटा सामुदायिक संरचना (तटबन्धन, पोखरी, सिँचाइ) निर्माण एवं मर्मत गरेका छन् । २० सीमान्त घरका सदस्यले पोखरीको ५ वर्षे भोगाधिकारसहित जीविकोपार्जन सहज तुल्याएका छन् ।

- ७ वटै प्रदेशका ४८ वटा स्थानीय तहमा खेतीपाती गदै आएका पालिकाभित्रका किसान र सम्बन्धित पालिकाका प्रतिनिधि साथै सरोकारवालासमेत ११७५ जनाको सहभागितमा पर्यावरणीय कृषिको अवधारणा र स्थानीय तहमा यसको अभ्यासबारे चिन्तनमनन गरिएको छ । यसबाट प्राप्त तथ्यलाई राष्ट्रिय बहसको विषय बनाइएको छ ।

- स्थानीय सरकारको सहभागितामा सम्भावित शितलहरबाट प्रभावित २७४ घरका सदस्यलाई न्यानो कपडासहितको खाद्यान्न सहयोग गरिएको छ ।
- 'कृषिमा बन्दाबन्दी हुँदैन' अभियान सञ्चालन गर्दै कोभिडबाट प्रभावित किसानलाई भौचरमार्फत उत्पादन सामग्री उपलब्ध गराई खेती निरन्तरतालाई जोड दिइएको छ ।

- पानीको पुनः चार्ज विधि, स्थानीय तहमा उपलब्ध बस्तुहरूको उपयोग एवं पर्यावरणीय कृषि अभ्यास प्रबर्द्धनका लागि २५ वटा समूहका २५० भन्दा बढी किसानलाई सहजीकरण गरिएको छ । यसको नीतिगत सम्बोधनका लागि पालिका तथा प्रदेश तहमा पैरवी गरिएको छ ।

- उदयपुरको बेलका नगरपालिकामा मौसमी कृषि सूचना स्टेसन स्थापना गरी किसानलाई सुसूचित बनाउन सहजीकरण गरिएको छ ।

**रणनीतिक उद्देश्य १.३** : छरिएर रहेका भूमिहीन, सीमान्त र साना महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आबद्ध गर्दै सङ्गठित गर्ने ।

| उपलब्धि | आ.व. २०७७/७८ | आ.व. ०७८/०७९ |
|---|---|---|
| गोलबद्ध किसान सदस्य | १०५००० | १२५००० |
| सदस्य समूहहरू महासंघमा आबद्ध | ४६०० | ५१५० |
| जिल्ला महासंघ बिस्तार | ५९ | ६३ |

यस आ.व. मा ५५० कृषक समूहहरू थप भई महासंघमा आबद्ध सदस्य समूह ५१५० पुगेको छ । ६३ वटा जिल्लामा महासंघको सङ्गठन विस्तार भएको छ । महासंघको विधानअनुसार वडा, पालिका, जिल्ला, प्रदेश र संघीय संरचनाहरू गतिशील छन् । धान दिवस, खाद्य दिवस, अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस, कोदो दिवस, अर्गानिक कृषि मेला, कृषि उत्पादन प्रदर्शनी जस्ता गतिविधिहरूमा स्थानीय सरकार, प्रदेश सरकार एवं संघीय सरकारका साथै सरोकारवालाहरूसँग साझेदारिता एवं सहकार्य गरिएको छ । तहगत सरकारका विभिन्न समितिमा महासंघको संस्थागत प्रतिनिधित्व छ । किसान अधिकार एवं संस्थागत प्रतिनिधित्वका लागि महासंघले किसान सम्वाद शृङ्खला, किसान चौतारी एवं सवालमा आधारित छलफल तथा पैरवीलाई निरन्तरता दिएको छ ।

**रणनीतिक लक्ष्य २ :** साझेदारहरूसँग संस्थागत सहकार्य सुदृढ गर्ने ।

**रणनीतिक उद्देश्य २.१ :** महासंघको दिगो स्रोत र सहयोगका लागि प्रकृति मिल्दो स्रोत साझेदार तथा दातृनिकायहरूसँग सहकार्य अभिवृद्धि गर्ने ।

| स्रोत साझेदार | साझेदारीको क्षेत्र |
|---|---|
| केएर नेपाल | • महासंघको रणनीतिक उद्देश्य प्राप्तिका लागि साना तथा सीमान्तकृत कृषकहरू विशेषतः महिला किसानको सशक्तीकरण तथा खाद्य अधिकारमा पहुँच अभिवृद्धि गर्ने, जलवायु परिवर्तनबाट सिर्जित समस्याहरूसँग जुध्न समुदायसँग मिलेर अनुकूलनका लागि कृषि नमुना विकास तथा प्रवर्द्धनका प्रयासमा समुदायलाई सहयोग ।<br>• सिरहा, उदयपुर, बाँके, वर्दिया, कैलाली र कञ्चनपुरका साना किसानलाई उद्यम सिकाइ केन्द्रमा आबद्ध गरी लघु उद्यम सिप, क्षमता विकासमा र व्यावसायिक योजना निर्माणमा सहयोग पुऱ्याइ, उद्यमशीलता सिप एवं क्षमता विकास र वित्तीय संस्थामा पहुँचका लागि सहजीकरण<br>• वित्तीय तथा मौद्रिक नीतिमा कृषि क्षेत्र, महिला उद्यमी तथा विपन्न वर्ग कर्जासम्बन्धी विभिन्न व्यवस्थाहरू भइरहँदा पनि कार्यान्वयन पक्षमा रहेको कमजोरीलाई उठान गरी राष्ट्र बैङ्कलगायत विभिन्न १० भन्दा बढी वाणिज्य बैङ्कहरूको सहभागितामा साना किसान, महिला उद्यमी तथा अनौपचारिक क्षेत्रका महिला उद्यमीहरूका लागि वित्तीय पहुँचसम्बन्धी नीतिगत संवाद ।<br>• वर्गीकरणसहितको किसान परिचयपत्र र त्यसमा आधारित सेवा/सुविधाका लागि जिम्मेवार सरकार निर्माण गर्न प्रदेश १ को बेलका नगरपालिका, कटारी नगरपालिका, कन्काई नगरपालिका, सिद्धिचरण नगरपालिका र सुनकोसी गाउँपालिका, मधेस प्रदेशको भगवानपुर, सखुवानन्कारकट्टी, अग्निसाइर कृष्णसावर, लक्ष्मीपुर पतारी गाउँपालिकाका साथै धनगढीमाई नगरपालिका, गण्डकी प्रदेशको सिरानचोक गाउँपालिका, लुम्बिनी प्रदेशको सरावल र विजयनगर गाउँपालिका, कर्णाली प्रदेशको लेकबेशी नगरपालिका, सुदूरपश्चिम प्रदेशको गोदावरी |

| | |
|---|---|
| | र कृष्णपुर नगरपालिकामा स्थानीय सरकारलाई वर्गीकरणसहितको किसान परिचयपत्र अभ्यासमा सहजीकरण ।<br>● सिरहा, उदयपुर, बाँके, बर्दिया, कैलाली कञ्चनपुर, धनुषा र सुर्खेतका १४७५ भन्दा बढी घरका सदस्यलाई उद्यम सिकाइ केन्द्रमा आबद्ध गरी लघु उद्यम सिप, क्षमता विकासमा सहजीकरण गरिएको छ । उनीहरूको व्यावसायिक योजना निर्माणमा सहयोग पुऱ्याइ, उद्यमशीलता सिप एवं क्षमता विकास एवं वित्तीय संस्थामा पहुँचका लागि सहजीकरण एवं कृषि पथको अभ्यास ।<br>● ७५ वटा समूहका ७५० किसान परिवारमा पोषण कार्यक्रममार्फत स्वच्छन्दता एवं जीविकोपार्जनका गतिविधि सञ्चालन ।<br>● २५२ विपन्न परिवारका सदस्यले अल्पकालीन रोजगारीमा संलग्न भई गरेको योगदानले ४ वटा सामुदायिक संरचना ( तटबन्धन, पोखरी, सिँचाइ) निर्माण एवं मर्मत ।<br>● स्थानीय सरकारको सहभागितामा सम्भावित शितलहरबाट प्रभावित २७४ परिवारलाई न्यानो कपडासहितको खाद्यान्न सहयोग ।<br>● कृषिमा बन्दाबन्दी हुँदैन अभियान सञ्चालन गर्दै कोभिडबाट प्रभावित किसानलाई भौचरमार्फत उत्पादन सामग्री उपलब्धता ।<br>● महिला किसानको वित्तमा पहुँच, आर्थिक सशक्तीकरण एवं कृषि उद्यमी विकास । |
| भिएसओ | ● खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ को स्थानीयकरण एवं अन्तर्राष्ट्रिय खाद्य प्रणाली सम्मेलनमा संलग्नता र योगदान<br>● पानीको पुनः चार्ज विधि, स्थानीय तहमा उपलब्ध बस्तुहरूको उपयोग एवं पर्यावरणीय कृषि अभ्यास प्रबर्द्धनका लागि ३० वटा समूहका ६०० भन्दा बढी किसान परिवारलाई सहजीकरण । |
| एक्सन एड नेपाल | ७ वटै प्रदेशका ४८ वटा स्थानीय तहमा खेतीपाती गर्दै आएका पालिकाभित्रका किसान र सम्बन्धित पालिकाका प्रतिनिधि साथै सरोकारवालासमेत ११७५ जनाको सहभागितामा पर्यावरणीय कृषिको अवधारणा र स्थानीय तहमा यसको अभ्यासबारे चिन्तनमनन तथा राष्ट्रिय बहस । |

| | |
|---|---|
| सिइएन | उदयपुरको बेलका नगरपालिकामा मौसमी कृषि सूचना स्टेसन स्थापना गरी किसानलाई सुसूचित तुल्याउन सहजीकरण । |
| लिवर्ड नेपाल | पालिकास्तरीय कृषि ऐन एवं संस्थागत अभ्यास |
| सहास नेपाल | पालिकास्तरीय कृषि ऐन एवं संस्थागत अभ्यास |
| एफएओ/आइयुसिएन नेपाल | सीमान्त समुदायको जीविकोपार्जन तथा जलवायु उत्थानशील क्षमता विकास एवं सहभागितामूलक गुणस्तर प्रणाली प्रबर्द्धनका लागि काभ्रेको देउपुर मण्डन र मकवानपुरको भीमफेदी गाउँपालिका र कपिलवस्तुको विजयनगर गाउँपालिकामा कार्यक्रम सञ्चालन गरिएको छ । |
| तहगत सरकार | कृषि नमुना विस्तारका लागि तहगत सरकारसँग स्रोत साझेदारी, नीतिगत सहकार्य रहेको छ । |
| आन्तरिक स्रोत | सदस्यता नवीकरण शुल्क, इच्छादानअन्तर्गत महासंघले आन्तरिक स्रोत सङ्कलन गरी संस्थागत क्रियाकलापमा परिचालन गर्दै आएको छ । |

**रणनीतिक उद्देश्य २.२ : महासंघको आन्तरिक स्रोत/साधन वृद्धि, परिचालन र व्यवस्थापन गर्ने ।**

**आन्तरिक स्रोत :** सदस्यता नवीकरण शुल्क, इच्छादानअन्तर्गत महासंघले आन्तरिक स्रोत सङ्कलन गरी संस्थागत क्रियाकलापमा परिचालन गर्दै आएको छ ।

**रणनीतिक लक्ष्य ३** : महासंघको संस्थागत विकास र नेतृत्व क्षमता अभिवृद्धि गर्न निरन्तरता प्रदान गर्ने ।

- महासंघको अभियानलाई अनुशासित र मर्यादित बनाउन बनेका विभिन्न १५ नीति कार्यान्वयनमा छन् ।
- नियमितरूपमा राष्ट्रिय सचिवालय, कार्यसमितिको बैठक, समीक्षा, छलफल गरी अभियान अगाडि बढाइएको छ ।
- सहभागितामूलक कार्यक्रम विकास, योजना र यसको कार्यान्वयन, सुशासन र जवाफदेहिता, सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, वित्तीय प्रणाली तथा नीति नियमको पालना, मानवस्रोत र अन्य बन्दोबस्त, पैरवी क्षमता जस्ता क्षेत्रअनुसार निर्धारण भएका विभिन्न १०० सूचकभित्र रही सहभागितामूलक संस्थागत क्षमता

विश्लेषण एवं सुधार योजना निर्माण गरी महासंघले आफूलाई स्वमूल्याङ्कन गर्दै आइरहेको छ ।

- महासंघको राष्ट्रिय कार्यसमिति बैठकले राज्यको पुरर्संरचनाअनुसार वडा, पालिका, जिल्ला प्रदेश र राष्ट्रिय तहमा महासंघको संरचनाहरू कायम गरी सोही संरचनाअनुसारको अभ्यास गरिएको छ ।

**रणनीतिक उद्देश्य ३.१ :** महासंघको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने ।

- महासंघमा आबद्ध ५१५० समूहमा नियमित बैठक, हित कोष सङ्कलन, समूह नवीकरण, हक/अधिकार, सेवा/सुविधाबारे छलफल ।
- किसानमा बचत/लगानी/पारदर्शिता/कृषि, पशु सेवाबारे छलफल/समूहको नियमित बैठकमा सहभागिता /समूहस्तरीय सवालहरूको पहिचान एवं स्रोत खोजीमा सहजीकरण ।
- स्थानीय सरकार एवं प्रदेशस्तरीय सरकारसमक्ष कृषि र किसानका सवालमा आधारित अन्तरक्रिया गरी अडानपत्र पेस ।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, किसानका सवालबारे अभिमुखीकरणका साथै पालिका तहले बनाएको नीति तथा कार्यक्रमबारे पालिका प्रमुखसँग साक्षात्कार गरी किसानमैत्री अभ्यासका लागि अवधारणापत्र पेस ।
- स्थानीय तहका ४३ वटा पालिकाको कृषि ऐन तर्जुमामा सहजीकरण ।
- गाउँ तथा नगर महासंघमार्फत लक्षित समुदायमा कृषक समूह गठन, नवीकरण, परिचालनमा सहजीकरण, स्रोतको खोजीलगायत किसान अधिकारबारे नियमित सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन ।

**रणनीतिक उद्देश्य ३.२ :** कृषकहरूको गैरराजनीतिक छाता सङ्गठनका रूपमा विभिन्न तहमा प्रतिनिधित्व सुदृढ गरी कृषि क्षेत्रमा कार्यरत विषयगत संघ/संस्थाहरूसँग सहकार्य एवं सञ्जालीकरण गर्ने ।

- सवाल मिल्ने संघ/संस्थासँग सहकार्य गर्ने रणनीतिअनुरूप महासंघले विभिन्न समितिमा प्रतिनिधित्व एवं संघ/संस्थासँग सहकार्य गर्दै आएको छ ।

### क. स्थानीय तह

- सिद्धिचरण, सुनकोसी, कटारी, बेलका, सखुवानन्कारकट्टी, विष्णुपुर, भगवानपुर गाउँपालिकाहरूले कृषिसँग सम्बन्धित नीतिगत छलफलमा महासंघको सहभागितालाई प्राथमिकतामा राखेका छन् ।
- विभिन्न १९ वटा पालिकामा करार खेती, किसान परिचयपत्र, कृषि बिमा, आवधिक योजना, कृषि नीति निर्माण कार्यमा स्रोत साझेदारी रहेको छ ।

- अन्तर्राष्ट्रिय महिला दिवस, धान दिवस,  प्राङ्गारिक कृषि मेला आदिमा तहगत सरकारसँग सहकार्य गरिएको छ ।
- उद्देश्य मिल्ने स्थानीय संस्था (जस्तै- प्राकृतिक स्रोतमा काम गर्ने संस्था, किसान अधिकारमा सहयोग गर्ने संस्था) हरू
- सरोकारवाला सरकारी निकाय (वडा, गाउँपालिका, नगरपालिकाका आर्थिक समिति साथै कृषिसँग सम्बन्धित समिति) हरू

## ख. प्रदेश तह

- प्रदेशस्तरीय खाद्य सुरक्षा सूचना प्रणाली निर्देशक समिति

## ग. राष्ट्रिय तह

क. कृषि मन्त्रालयअन्तर्गतको पारिवारिक खेती दशक
(राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन समिति) सदस्य
ख  कृषि, खाद्य सुरक्षा र पोषण क्षेत्र (दिगो विकास मञ्च) संयोजक
ग.  सञ्चालक समिति (एसिया प्रशान्त क्षेत्रीय किसान कार्यक्रम) सदस्य
घ.  राष्ट्रिय जैविक समिति, सदस्य
ङ.  स्थानीय ज्ञान प्रबर्द्धन कार्यक्रम, विश्व सञ्जाल सदस्य
च.  राष्ट्रिय किसान सञ्जाल, सदस्य
छ.  राष्ट्रिय खाद्य अधिकार सञ्जाल
ज.  राष्ट्रिय किसान आयोग आबद्धता
झ. कृषि वन कार्यक्रम अन्तर मन्त्रालय समन्वय समिति

## ख. आर्थिक विवरण

### आर्थिक प्रतिवेदन

२०७८ श्रावण देखि २०७९ असार ३२ सम्म

### प्राप्ति खर्च विवरण

| प्राप्ति विवरण | रकम रु | खर्च विवरण | रकम रु |
|---|---|---|---|
| केयर नेपाल (सामर्थ्य परियोजना) | ७,४३,१९५।०० | भियसओ नेपाल (पास परियोजना) | ७१,८१,९४०।०० |
| केयर नेपाल  (कुसा - काभिड -१९) | १,६०,६६,४१५।०० | एक्सन एड नेपाल | ९,७२,६४७।०० |
| एक्सन एड नेपाल | ९,७२,६४७।०० | केयर नेपाल (यु एन आर-डब्लु इ इ ) | ४,९९,०००।०० |
| केयर नेपाल ( युएनएफएसएस) | ४,९९,०००।०० | क्लिन इनर्जि नेपाल( सि इ एन ) | ४,५७,००८।०० |

| | | | |
|---|---|---|---|
| क्लिन इनर्जि नेपाल | २,००,७९६।०० | स्थानीय तहको प्रणाली सुदृढीकरण | १,८०,६५५।०० |
| विविध आय | २,९६,७६१।०० | लिवर्ड सहयोग कार्यक्रम | ९४६७४।०० |
| स्थानीय तहको प्रणाली सुदृढीकरण कार्यक्रम | १,७०,०००।०० | अन्तर्राष्ट्रिय स्तरमा स्थानीय स्तरको सियसए अभ्यास साझेदारी | ६०,४०५।०० |
| लिवर्ड सहयोग कार्यक्रम | ९,४६,७४।०० | एफ य ओ (एफ एफ एफ परियोजना) | ३,९३,०४५।०० |
| अन्य आय | २,५००।०० | केयर नेपाल (सुरु कोष परियोजना) | ५९,७०,२००।०० |
| एफ य ओ (एफ एफ एफ परियोजना) | ४,७९,८७६।०० | केयर नेपाल (सामर्थ्य परियोजना) | १,०१,३२,२९५।०० |
| केयर नेपाल (यु एन आर-डब्लु इ इ परियोजना) | ७,७८,७८७।०० | केयर नेपाल (डिएफएटि परियोजना) | १,१६,९०,८६१।०० |
| महिला दिवस योगदान | १,००,४५६।०० | केयर नेपाल (यु एन आर-डब्लु इ इ परियोजना) | ७,७८,७८७।०० |
| केयर नेपाल (डिएफएटि परियोजना) | ११,६९,०८६१।०० | केयर नेपाल (कुसा -काभिड -१९ दोस्रो प्रकोप परियोजना) | ११,८७,०६९०।०० |
| अन्तर्राष्ट्रिय स्तरमा स्थानीय स्तरको सियसए अभ्यास साझेदारी | ६४,१००।०० | राष्ट्रिय परिषद २०७८ | २,५६,२५९।०० |
| भियसओ नेपाल (पास परियोजना) | ७०,८१,५९३।०० | अफिस बैठक कोठा सजावट खर्च | ३२,०००।०० |
| केयर नेपाल (सुरु कोष परियोजना) | ५९,७०,२००।०० | बैक चार्ज | ६०।०० |
| | | लेखा परिक्षण खर्च | १६,०००।०० |
| | | कृषि प्रदर्शनि कार्यक्रम खर्च चितवन | ६,७००।०० |
| | | अन्य खर्च | ५९,९६०।०० |
| | | सचिवालय बैठक खर्च | १८,४९३।०० |
| | | ग्रामिण महिला दिवस समारोह खर्च | ९२,८८३।०० |
| | | जिल्ला स्तर अभिमुखीकरण | ८९,७४५।०० |
| **जम्मा रकम** | **५,१८,९८,०८१।००** | **जम्मा रकम** | **५,०८,६३,५७५।००** |

| | |
|---|---|
| **खर्च हुन बाँकी मौज्दात (Fund Balance)** | **१०,३४,५०५।००** |

**अनुसूची १: बैक मौज्दात (Bank Balance)**

| | |
|---|---|
| राष्ट्रिय बाणिज्य बैक | ४२,०९८।०० |
| कृषि बिकास बैक | ४,५९,१५०।०० |
| एभरेष्ट बैक | ३५,५२६।०० |
| नविल बैक | ९,९९९।०० |
| एन आइ सि एसिया बैक | ४४,१३३।०० |
| राष्ट्रिय बाणिज्य बैक | ७६,९६४।०० |
| कृषि बिकास बैक | १,७४,४५६।०० |
| स्टाण्डर्ड चार्टर्ड बैक | ६०,०८,५३४।०० |
| नविल बैक | ८,११५।०० |
| एन आइ सि एसिया बैक | ९,१९७।०० |
| स्टाण्डर्ड चार्टर्ड बैक | ३६,७७२।०० |
| एन आइ सि एसिया बैक | २३३६३।०० |
| राष्ट्रिय बाणिज्य बैक | ४३५।०० |
| राष्ट्रिय बाणिज्य बैक | ८६,९८१।०० |
| राष्ट्रिय बाणिज्य बैक | १९५।०० |
| एन आइ सि एसिया बैक | ७,५४१।०० |
| स्टाण्डर्ड चार्टर्ड बैक( सामर्थ परियोजना) | २,५००।०० |
| **जम्मा** | **७०,२५,९५९।००** |

**अनुसुचि २ : नगद मौज्दात (Cash Balance)**

| | |
|---|---|
| सानो नगदी कोष केन्द्रिय कार्यालय | १०,०००।०० |
| **जम्मा** | **१०,०००।००** |

## अनुसुची ४ : भुक्तानी दिन बाँकी (Payble)

२०७८ श्रावण देखि २०७९ असार ३२ सम्म

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| **१** | **भियसओ नेपाल (पास परियोजना)** | **१,३९,६७९।००** |
| | कृयटिभ गुड गभर्ननेन्स क्लब | २९,२००।०० |
| | खगेन्द्र खड्गि जे टि य | ४२,४७९।०० |
| | रिसर्च सेन्टर फर सस्टेनेबल डिभलपमेन्ट | ३४,०००।०० |
| | समिकरण बिकास केन्द्र नेपाल | ३४,०००।०० |
| **२** | **एक्सन एड नेपाल** | **७६,९६४।००** |
| | जानकि प्रन्टर्स छापखाना | ७६,९६४।०० |
| **३** | **केयर नेपाल (कुसा - काभिड -१९ दोस्रो प्रकोप परियोजना)** | **२८,९७,४२३।००** |
| | अमर कृषि फार्म | ९६,८८०।०० |
| | बि एल सि बेनिफिसरिज अफ कैलालि | १६,३५,०००।०० |
| | अफिस अपरेसन सेन्टर | १,२२५०।०० |
| | डम्बर सार्कि | ११,३०५।०० |
| | ड्रिम वर्क सोलुसन | ७१,८३३।०० |
| | ग्लोबल उईङ्गस प्रा ली | ५,२४०।०० |
| | जित बहादुर खाति | २६,५२०।०० |
| | टी.डि.एस. बाँकी | १,०३८।०० |
| | टी.डि.एस. बाँकी | १२,५०७।०० |
| | घुम्तिकोष समूह | १०,१०,०००।०० |
| | सान्ता न्यौपाने | १४८५०।०० |
| **५** | **केयर नेपाल (डिएफएटि परियोजना)** | **८,११५।००** |
| | टी.डि.एस. बाँकी | ८,११५।०० |
| **६** | **संस्थागत** | **८९३६०।००** |
| | समुहमा सदस्यता शुल्क बापत भुक्तानी दिनुपर्ने रकम | २९,२००।०० |
| | जिल्लालाई दिन बाँकी भुक्तानी | ४९,६८०।०० |
| | लिबर्ड र संस्था बिच कार्यक्रम | ३२१।०० |
| | टी.डि.एस. बाँकी | ४३९३।०० |
| | टी.डि.एस. बाँकी | ५,७६६।०० |
| **७** | **केयर नेपाल (यु एन आर-डब्लु इ इ परियोजना)** | ४५,९६९।०० |
| | सन्तोस कुमार ठाकुर | ४५,९६९।०० |
| **८** | **क्लिन इनर्जि नेपाल( सि इ एन परियोजना)** | ७६,४४५।०० |
| | उपदान कोष | २२,४३३।०० |

| | | |
|---|---|---|
| | इन्द्र देबि राई | ४७,५९९।०० |
| | अबकास कोष | ६४,१३०।०० |
| ९ | **केयर नेपाल (सुरु कोष परियोजना)** | ४,९५०।०० |
| | शिब नन्द राम | ४,६२०।०० |
| | टी.डि.एस. बाँकी | ३३०।०० |
| १० | **स्थानिय तहको प्रणलि सुदृढीकरण कार्यक्रम** | **११०९।००** |
| | प्रतिमा पराजुलि | १,१०९०।०० |
| ११ | **एफ य ओ (एफ एफ एफ परियोजना)** | **१,५००।००** |
| | टी.डि.एस. बाँकी | १५०।०० |
| १२ | **अन्तराष्ट्रिय स्तरमा स्थानिय स्तरको सियसए अभ्यास साझेदारी परियोजना** | **५,५००।००** |
| | टी.डि.एस. बाँकी | ५,५००।०० |
| | **जम्मा** | **२६,६३,५७५।००** |

## अनुसुची ४ : पेश्कि वा भुक्तानी लिनबाँकी (Advance and Receivable)

२०७८ श्रावण देखि २०७९ असार ३२ सम्म

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | **केयर नेपाल (कुसा - काभिड -१९ दोस्रो प्रकोप परियोजना)** | **११२।००** |
| | टेलिफोन पेश्कि | **११२।००** |
| २ | **केयर नेपाल (सुरु कोष परियोजना)** | ४,९५०।०० |
| | टी.डि.एस. बाँकी | ४,९५०।०० |
| ३ | **संस्थागत** | **६१,८४७।००** |
| | नरेश जयसवाल | ३,०००।०० |
| | सामर्थ्य परियोजना | ५००।०० |
| | असिम सापकोटा | ५०,०००।०० |
| | भक्तपुर नगरपालिका | ८४७।०० |
| | प्रदेश ३ | ७,५००।०० |
| | **जम्मा** | **६६,९०९।००** |

## ४. आठौ सामाजिक लेखाजोखाको खर्च विवरण

### गत बर्षको सामाजिक लेखाजोखा (२०७८)
### बजेटसँग खर्चको तुलना

| क.सं. | विवरण | अनुमानित बजेट | | जम्मा बजेट | खर्च रकम |
|---|---|---|---|---|---|
| | | परियोजना अन्तर्गत | संस्थागत अन्तर्गत | | |
| १ | फ्लेक्स र व्यानर | १,०००।०० | - | १,०००।०० | १,५००।०० |
| २ | भिडियो तयारी र उत्पादन | २५,०००।०० | - | २५,०००।०० | २५,०००।०० |
| ३ | बार्षिक संगालो प्रकाशन | ३०,०००।०० | - | ३०,०००।०० | ३४,२२२।०० |
| ४ | यातायात खर्च | ५,०००।०० | - | ५,०००।०० | ७०००,०० |
| ५ | खाजा/खाना खर्च | ३९,०००।०० | - | ३९,०००।०० | ४१,६३०,।०० |
| ७ | संचार | १,५००।०० | - | १,५००।०० | - |
| ८ | अन्य तयारी | १,०००।०० | - | १,०००।०० | - |
| ९ | जिल्ला पदाधिकारीहरुलाई डि.एस.ए. | - | १८,०००।०० | १८,०००,०० | |
| १० | सचिवालय सदस्यहरुलाई डि.एस.ए. | - | २०,०००।०० | २५,०००।०० | |
| | **जम्मा रकम** | **१,०२,५००।००** | **३८,०००।००** | **१,४०,५००।००** | **१,०९,३०५।००** |

| | |
|---|---|
| **जम्मा बजेट** | **१,४०,५००।००** |
| **जम्मा खर्च** | **१,०९,३०५।००** |
| **अभियान योगदान** | **३८,०००।००** |

## ५. महासंघको संस्थागत अवस्था विश्लेषण अध्ययन नतिजा

संस्थागत विकासका विभिन्न ६ वटा क्षेत्र पहिचान गरी १०० वटा सूचक बनाइ महासंघले विगत १० वर्षदेखि सहभागितामूलक विधिद्वारा संस्थागत अवस्था विश्लेषण गर्दै आएको छ। संस्थागत क्षमता विश्लेषणपश्चात सुधार योजना बनाइ कार्यान्वयन गरिने अभ्यास कायमै छ। क्षमता विश्लेषणबाट प्राप्त वार्षिक नतिजा बढ्दै गएको छ।

| सहभागितामूलक संस्थागत क्षमता विश्लेषण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **वर्ष (सन्)** | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | २०२२ |
| **अंक** | ४०% | ५३ % | ६३ % | ७२ % | ७७.८८ % | ७८.८८ % | ८१.६८ % | ८२.१ % | ८२.३ % | ८२.६ % |

## ६. संस्थागत अभियान र सवालगत पैरवी

- किसानको पहिचान वर्गीकरण, परिचयपत्र र सामाजिक सुरक्षा (पेन्सन)
- एकीकृत कृषि तथा पशुपन्छि विकास ऐन निर्माण
- पालिका स्तरमा कृषि विकास ऐन निर्माण
- प्रदेश कृषि विकास ऐन निर्माण
- एक वडा एक कृषि र पशु प्राविधिकको व्यवस्था
- बाली र पशु बिमाको व्यवस्था
- कृषिमैत्री भू-उपयोग नीति निर्माण र कृषि भूमिको संरक्षण
- विषयगत समितिहरूमा महासंघको तहगत प्रतिनिधित्व
- ससर्त कृषि बजेटको व्यवस्था
- सुलभ ब्याज दरको कृषि ऋण
- न्यूनतम समर्थन मूल्य निर्धारण गरी कार्यान्वयन
- जग्गा भाडामा लिई खेती गर्ने नीतिगत व्यवस्था
- महासंघको प्रतिनिधित्वसहित संवैधानिक किसान आयोग गठन
- स्थानीय निकायमा १५ प्रतिशत कृषि बजेट विनियोजन
- खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐनमा किसानको सवाल, नियामावली निर्माण र यसको कार्यान्वयन
- बाँदरद्वारा कृषि बालीमा पुर्‍याएको क्षतिको पूर्तिको व्यवस्था
- संविधानमा किसानको सवाल
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र कृषक समूहको सवाल

- राजनीतिक दलका घोषणापत्र र किसानका सवाल
- पाठ्यक्रममा कृषि शिक्षा
- किसानको भोट कसलाई ? अभियान
- कृषिसम्बन्धी सरकारी कार्यालय तथा निकायहरूको पुनर्संरचना
- नतिजाउन्मुख कृषि विकासका लागि प्रत्येक वडामा कृषि र पशु प्राविधिक र पालिका तहमा कृषि तथा पशु विज्ञहरूको व्यवस्था
- कृषि मूल्य शृङ्खलामा उत्पादक किसानको प्रत्यक्ष संलग्नता
- स्थानीय कृषि बजार व्यवस्थापन/सरकारी खरिद बजार
- कृषि उपजको निकासी, पैठारी र सहजरूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवेश
- पारिवारिक खेती प्रणालीको प्रबर्द्धन एवं प्राङ्गारिक, पर्यावरणीय खेतीमार्फत दिगो तथा आत्मनिर्भरमुखी कृषि
- कृषक समूह, पशु सेवा समूहलाई स्थायी लेखा नम्बर (प्यान) लिने व्यवस्थाको खारेजी
- स्थानीय तहमा बिउ बैङ्क र खाद्य भकारीको व्यवस्था
- किसान स्वास्थ्य बिमा एवं योगदानमा आधारित किसान पेन्सनको व्यवस्था
- संघीय संरचना र परिवेशअनुसार साना किसानमैत्री बनाउन २० वर्षे कृषि रणनीतिको पुनरावलोकन
- कृषि कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि महासंघसमेतको सहभागितामा स्थानीय तहदेखि संघीय तहसम्म अनुगमन समिति र कार्यक्रम अनुगमन गर्ने व्यबस्था
- सिँचाइका लागि प्रयोग हुने कृषि मिटरमा लगाइँदै आएको विद्युत्‌को डिमान्ड चार्ज मिनाहा
- रैथाने बिउको संरक्षण
- खेतीयोग्य जमिनमा पर्याप्त सिँचाइको व्यवस्थापन
- कृषि वन कार्यक्रम सञ्चालन । एक गाउँ एक नर्सरी स्थापना
- खाद्य प्रणालीको स्थानीयकरण
- कृषि क्षेत्रको योगदानको आधारमा कम्तिमा १५% बजेट बिनियोजन
- कृषिका कार्यालयहरुको पुर्नसंरचना
- साना र महिला किसान मैत्री प्रविधि विकास
- कृषि उद्योगको स्थापना र संचालन
- स्वयम सेवी कृषक छनौट र परिचालन

## ७. किसान सम्मेलन र जनकपुर घोषणापत्र

'ऊर्वर भूमि र समथर पाटो, जोगाउनुपर्छ तराईको माटो' भन्ने मूल नाराका साथ २०७८ पुस ८ मा कृषि तथा पशुपक्षी विकास मन्त्री महेन्द्र राय यादवको प्रमुख आतिथ्यतामा ५०० जनाको सहभागितामा साना किसान राष्ट्रिय सम्मेलन मधेस प्रदेशको जनकपुरधाममा सम्पन्न भयो । सम्मेलनले १९ बुँदे जनकपुर घोषणापत्र जारी गरेको छ ।

### जनकपुर घोषणापत्र

देशमा धेरैपटक राज्य व्यवस्थाका स्वरूपहरू परिवर्तन भए । किसानले व्यवस्था परिवर्तनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरे । राज्य व्यवस्थाका स्वरूपहरू फेरिँदै पनि गए तर कृषि क्षेत्र र किसान सधैँ छायाँमा परी नै रहे । रातोदिन कृषि कर्ममा समर्पित लाखौँ नेपाली किसान आफ्नो पेसाको सुरक्षा र नीतिगत प्रतिनिधित्व एवं निर्णयको अधिकार प्राप्ति सवालमा पछाडि पर्दै आए । किसानको आफ्नो पहिचान भएन । वास्तविक किसान सेवा/सुविधाबाट वञ्चित भइरहे ।

उत्पादित वस्तुले बजार र उचित मूल्य पाएनन् । रैथाने वाली, परम्परागत ज्ञानको संरक्षण सम्बर्द्धन र प्रबर्द्धन नहुँदा, व्यावसायिक कृषिका नाममा आयातीत कृषि अभ्यासले मौलिक उत्पादनहरू लोप हुँदै गए । जिम्मेवार राज्यको प्रत्याभूति नहुँदा समयमा मल, बिउ, औजार र प्राविधिक सेवा उपलब्ध नहुने बर्सेनिको नियति भोग्न किसानलाई बाध्य बनाइयो । विभिन्न समयमा आउने कृषि एवं पशुजन्य रोग र महामारीले किसानलाई पिरोलिरह्यो । किसानका नाममा कैयौँ कार्यक्रम, योजना, परियोजना बने तर तिनले साँच्चै साना किसानको मुहारमा खुसी ल्याउन सकेनन् ।

सेवाप्रदायक निकायहरूमा साना किसानको पहुँच अभिवृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी उत्पादन वृद्धिबाट राष्ट्रिय उत्पादकत्वमा टेवा पुऱ्याउने लक्ष्य यस महासंघले राखेको छ । सार्वजनिक निकाय, निजी संघ/संस्था र कृषक, कृषक समूह, कृषि सहकारीहरूको साझेदारी सुदृढ बनाइ ग्रामीण जीविकोपार्जन तथा कृषि अर्थतन्त्र विकासमा योगदान पुऱ्याइ ग्रामीण गरिबी न्यून गर्न यो महासंघ प्रयत्नरत छ ।

आज मिति २०७८ पुस ८ मा माननीय कृषि तथा पशुपक्षी विकास मन्त्री महेन्द्र राय यादवज्यूको प्रमुख आतिथ्यता, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सचिव डा. नम्रता सिंहज्यू, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरू एवं सातै प्रदेशका किसान प्रतिनिधिसहित ५०० जनाको सहभागितामा सम्मन्न साना किसानद्वारा जारी घोषणापत्र :

१. उत्पादनका साधनहरू जल, जमिन र जङ्गलमा परम्परादेखि सोही स्रोतमा निर्भर आदिवासी जनजाति समुदाय र कृषिमा संलग्न साना, सीमान्त, महिला र श्रमिक किसान तथा भूमिहीन

र सुकुमबासीहरूको ती साधनहरूमाथिको पहुँच र अधिकार स्थापित गर्नका लागि जोडदार माग गर्दछौँ ।

२. स्थानीय भूगोल, विशेषता, हावापानी र सम्भाव्यताको आधारमा स्थानीय उत्पादन एवं कृषि वन प्रबर्द्धनमा जोड दिइनुपर्दछ । यसका लागि समुदायको अधिकार सुनिश्चिततासहितको स्थानीय तहको कृषि ऐन निर्माण, खाद्य सुरक्षा तथा संप्रभुता ऐनको स्थानीयकरण माग गर्दछौँ

३. खाद्य सुरक्षा एवं सम्प्रभुता ऐन २०७५ ले व्यवस्था गरेअनुसार, स्थानीय तहको नीति कानुनले उत्पादन, भण्डारण, वितरणको उचित व्यवस्थापनको अवस्था सुनिश्चित गर्नुपर्दछ । स्थानीय, सांस्कृतिक र दिगो खाद्यान्न उपलब्धताको संरक्षणका लागि नीति निर्माणमा स्थानीय समुदायको अधिकार र पहुँच सुनिश्चित गरिनुपर्दछ । यसमार्फत स्थानीय परम्परागत उत्पादन, वनजन्य उत्पादन एवं उपभोग, खाद्य विविधता, प्राकृतिक दिगो खानाको उपलब्धता र न्यायोचित वितरण प्रणालीलाई बढावा दिनुपर्दछ ।

४. भू-उपयोग ऐनको मर्मबमोजिम कृषि भूमिको खण्डीकरण र कित्ताकाट तत्काल रोक्न र प्रगतिशील भूमि सुधारको मुद्दा सम्बोधन गर्न आवश्यक नियमावली एवं निर्देशिकाहरू जारी गरी अविलम्ब किसान र भूमिहीनका पक्षमा कार्यान्वयनका लागि जोडदार माग गर्दछौँ ।

५. भूउपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरी खेतीयोग्य जमिनमा खेतीपाती गर्ने वातावरण बनाउन सिँचाइ,लगायतका पूर्वाधार निर्माण गरिनुपर्दछ । कृषियोग्य भूमिको अधिकतम उपयोग र संरक्षण गरी समूह खेती र पारिवारिक खेतीको प्रबर्द्धन गरिनुपर्दछ । उत्पादक किसानको बाली एवं उत्पादनको साधनमा पहुँच र उपयोगसहित पेसागत सुरक्षाको सुनिश्चितता गरी उत्पादकत्व वृद्धि गर्न माग गर्दछौँ ।

६. कृषिप्रधान देशको मर्म र कृषिमा योगदान गर्ने किसानको पेसागत अधिकारको सुनिश्चितता र अनुदानको प्रभावकारिताका लागि सरोकारवालाहरूसँगको समन्वयमा किसानहरूको पहिचान र वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइ सामाजिक सुरक्षा सुनिश्चितताका लागि जोडदार माग गर्दछौँ ।

७. कृषक समूहरूलाई निकायका रूपमा कर ऐनमा व्यवस्था गरी वार्षिकरूपमा मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनुपर्ने बाध्यकारी व्यवस्थाका कारण कृषक समूहहरू राज्यको सेवा/सुविधाबाट वञ्चित बन्न पुगेकाले यस व्यवस्था अविलम्ब खारेज गरी सामाजिक लेखापरीक्षणका आधारमा स्थायी लेखापरीक्षण उपलब्ध गराउनका लागि जोडदार माग गर्दछौँ

८. स्थानीय तहमा कृषिका क्षेत्रगत विज्ञ, वडा तहमा कृषि र पशु प्राविधिकको व्यवस्था गर्न माग गर्दछौँ ।

९. प्रदेश कृषि ऐन र संघीय तहमा एकीकृत कृषि तथा पशुपक्षी ऐन अविलम्ब निर्माण र कार्यान्वयनका लागि जोडदार माग गर्दछौँ ।

१०. कृषि तथा बाली बिमालाई साना किसानमैत्री बनाउँदै ग्रामीण किसानको पहुँच सुनिश्चितताका लागि स्थानीय सरकारको प्रत्यक्ष सहभागिता र बिमा कार्यक्रम स्थानीयकरणका लागि जोडदार माग गर्दछौँ ।

११. कृषि तथा पशुपक्षीमा देखिने रोग, कीरा एवं जङ्गली जनावरको आतङ्कबाट सिर्जना हुने क्षतिमा किसानलाई  क्षतिपूर्तिसहितको जोखिम हस्तान्तरणको स्पष्ट व्यवस्था गर्न माग गर्दछौँ

१२. समयमा नै बिउविजनहरू उपलब्ध नहुने, उखु, दूधलगायतका उत्पादनको भुक्तानीमा देखिएका समस्या एवं बिउको गुणस्तरमा देखिएको समस्या समाधानका लागि स्थानीय र रैथाने बिउ संरक्षण र प्रबर्द्धन गर्न स्पष्ट योजनासहित स्थानीय तहमा बिउ उत्पादन गर्ने व्यवस्था मिलाउन माग गर्दछौँ ।

१३. बर्सेनिको रासायनिक मल अभाव र यसको दिगो समाधानका लागि जैविक मल प्रबर्द्धन गर्न अनुसन्धानसहित योजना बनाउन जोडदार माग गर्दछौँ ।

१४. कृषि उत्पादनको बजारीकरण, सबै उत्पादनको समर्थन मूल्य निर्धारण एवं तोकिएको समर्थन मूल्य प्राप्तिको सहज वातावरण सुनिश्चितताका लागि जोडदार माग गर्दछौँ ।

१५. किसानका लागि बन्ने योजना तर्जुमा प्रक्रियादेखि नै किसानको सहभागिता एवं कृषिसँग सम्बन्धित समिति एवं नीतिगत तहमा तहगत महासंघको संस्थागत प्रतिनिधित्व मिलाउन जोडदार माग गर्दछौँ ।

१६. नीति, कार्यक्रम र बजेटमा समावेश गरी कृषक समूहहरूको क्षमता विकास एवं संस्थागत सुदृढीकरणका साथै महासंघको तहगत संरचनाको सबलीकरणको माग गर्दछौँ ।

१७. कृषि क्षेत्रमा बढिरहेको महिलाको जिम्मेवारी बोध गरी कृषक महिलाको सवाल सम्बोधन गर्ने गरी बन्ने नीति, कार्यक्रम, सेवाटेवा र संरचनाहरू महिलामैत्री बनाउनुका साथै निर्णय प्रक्रियामा कृषक महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ । जमिनमा महिलाको स्वामित्व स्थापित गरिनुपर्दछ ।

१८. स्थानीय ज्ञान, सिपको प्रबर्द्धन, स्थानीय समुदायिक बिउ बैङ्क, खाद्य बैङ्क, खाद्य भकारीको व्यवस्था साथै  आपत्कालीन अवस्थाको पूर्वतयारी एवं प्रतिकार्य संयन्त्र र स्थानीय स्तरमा अन्य प्राथमिक आवश्यकताहरू प्रबन्ध गर्न स्थानीय सरकार र समुदायलाई सुदृढीकरण गरिनुपर्दछ ।

१९. कोभिड-१९ ले वर्षा, बाढी, पहिरो आदि प्राकृतिक विपत्तिबाट साना, सीमान्त, भूमिहीन, कृषि मजदूर र महिला किसानहरूलाई पारेको प्रभाव अध्ययन र विश्लेषण गरी विशेष योजना बनाउन तहगत सरकारसँग माग गर्दछौँ ।

**२०७८ पुस ८ गते**




पालिकाको अधिवेशनका प्रतिनिधि कृषकहरु (कुमख गा.पा. सल्यान)




केरा व्यवसायीहरुलाई सहजिकरण गर्दै महासंघ



बाँझो जमिनको उपयोगका लागि छलफलमा जुटेका किसानहरु (भगवानपूर, सिराहा)




**प्रकाशक**

राष्ट्रिय कृषक समूह महासंघ, नेपाल,
राष्ट्रिय सचिवालय

पो. ब. नं. : ७०६४

ईमेल : nfgfnepal@gmail.com

वेब साइट : www.nfgf.com.np

सम्पर्क नम्बर : ०१-१०५०१८, ०१-१०५०७९